

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

**चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।**

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

❑ वर्ष २३ ❑ अङ्क ११४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख २५ गते आइतबार ❑ 8 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-



रू. १.५ मा

**कलर भिजिटिङ कार्ड साथै**

**तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा**

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५


## सूचनाको हकको अभावमा लोकतन्त्रको परिकल्पना गर्न सकिँदैन : राष्ट्रपति

**रासस**

**काठमाडौं, २४ बैशाख**

राष्ट्रपति विद्यादेवी भण्डारीले अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको अभावमा लोकतन्त्रको परिकल्पना गर्न नसकिने बताउनुभएको छ।

राष्ट्रिय पत्रकारिता दिवस-२०७९ का अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यहाँ शनिबार आयोजना गरेको 'राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान' कार्यक्रममा पुरस्कार प्रदान गर्दै उहाँले जिम्मेवार पत्रकारिता, सुसूचित नागरिक र जवाफदेवी सरकार लोकतन्त्रका अपरिहार्यतत्व भएको बताउनुभयो । राष्ट्रपति भण्डारीले भन्नुभयो, "नेपालको संविधानले प्रत्येक नागरिकलाई सूचना र सञ्चारको हक तथा मौलिक हकका रूपमा सुनिश्चित गरेको छ, यसबाट अभिव्यक्तिको स्वतन्त्रता संस्थागत हुनुका साथै सार्वजनिक सरोकारका कुनै पनि विषयमा सूचना प्राप्त गर्न नागरिक अधिकारको प्रत्याभूति भएको छ, संविधान प्रदत्व मौलिक हकलाई आधार मानेर हाम्रो मुलुकमा प्रेस स्वतन्त्रता अछुण रहने परिवेश निर्माण भएको छ।" उहाँले नेपाली प्रेस जगतले जनसरोकारका सबैजसो विषयमा नागरिकलाई सुसूचित गराउँदै सार्वजनिक सेवा प्रदायकलाई जनताका आवश्यकताका बारेमा पृष्ठपोषण प्रदान गरी सञ्चार सिटीका रूपमा काम गरिरहेको बताउनुभयो । राष्ट्रपति भण्डारीले बाढीपहिरो, भूकम्प, डढेलो एवं कोभिड-१९ महामारीजस्ता विपत् को समयमा आमजनतालाई सचेत र सर्तक बनाउनुका साथै सही सूचना सम्प्रेषण गरी राज्यका जिम्मेवार निकायलाई उपयुक्त रणनीति निर्माणका लागिसमेत पत्रकारिता क्षेत्रले महत्वपूर्ण सहयोग गर्दै आएको चर्चा गर्नुभयो। त्यसैगरी शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी, सरसफाइ, वातावरण संरक्षणजस्ता आमसरोकारका विषयमा सचेतना अभिवृद्धि गर्नुका अतिरिक्त समाजमा विद्यमान अन्धविश्वास, कुरीति, कुसंस्कार, जातीय तथा लैङ्गिक विभेद आदीका विरुद्धमा जनचेतना अभिवृद्धि गर्दै सकारात्मक सामाजिक रुपान्तरणका लागिसमेत सञ्चार जगत्ले उल्लेखनिय योगदान गर्नुपर्ने राष्ट्रपति भण्डारीको भनाइ छ । उहाँले भन्नुभयो, "पत्रकारिता क्षेत्रले समाजमा रहेका विकृति, विसङ्गतिलाई उजागर गर्नुका साथै राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान गर्नु हुने व्यक्तिलाई ओझेलबाट प्रकाशमा ल्याउनसमेत भूमिका खेलिरहेको हुन्छ, त्यस क्रममा मुलुकको हित, राष्ट्रिय स्वाभिमानको रक्षा र लोकतान्त्रिक गणतन्त्रको शुद्धीकरण सञ्चार जगत्को मुख्य अभिष्ट हुनुपर्छ ।" पत्रकारको हातमा रहेको कमलबाट कसैमाथि अन्याय हुनुहुँदैन भन्ने पक्षलाई विशेष आत्मबोधका साथ कार्यान्वयन गर्न आह्वान गर्दै उहाँले सूचना र सञ्चारको क्षेत्रमा नयाँ प्रविधिको विकाससँगै झुठा र भ्रमपूर्ण सूचनाको प्रवाह हुनु विश्वव्यापी चुनौती बनिरहेको बताउनुभयो । उहाँले सामाजिक सञ्जालको व्यापकताका कारण सूचना प्रवाह गर्ने पहुँच अब पत्रकारिताको औपचारिक क्षेत्रभन्दा धेरै विस्तार भएको जनाउँदै हरेक नागरिकलाई अभिव्यक्तिको बलियो वैकल्पिक माध्यम उपलब्ध हुँदा सामाजिक सशक्तीकरणमा बल पुग्ने विश्वास व्यक्त गर्नुभयो । सूचनाको वास्तविकता, सत्यको जाँच तथा प्रमाणको पुष्टि हुनुपर्ने जस्ता पत्रकारिताका आधारभूत मान्यतालाई सञ्चारका नयाँ माध्यमले खण्डित गरिदिएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "तसर्थ आजको सञ्चार जगत्ले आफ्नो स्थायित्व सुदृढ गर्न सिर्जनात्मक उपाय अवलम्बन गर्नुपर्ने आवश्यकता अझ बढ्दै गएको छ, राज्यको चौँथो अङ्गका रूपमा समाजले सम्मान प्रदान गरेको हुनाले जिम्मेवारी पूर्ण सन्तुलित र तथ्ययुक्त सूचना सम्प्रेषणबाट मात्र पत्रकारिता क्षेत्रको विश्वसनियता कायम राख्न सकिन्छ भन्ने मलाई लाग्दछ।" आवधिक निर्वाचनमार्फत जनताले छानेका प्रतिनिधिबाट विधिको शासन सञ्चालन हुनु लोकतान्त्रिक प्रणालीको आधारभूत मान्यता भएको प्रस्ट पार्दै राष्ट्रपति भण्डारीले आसन्न स्थानीय निर्वाचनलाई स्वतन्त्र एवं भयरहित वातावरणमा सम्पन्न गर्नका लागि नेपाली प्रेस जगतले निष्पक्ष सूचना सम्प्रेषणका माध्यमबाट योगदान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले आगामी दिनमा जिम्मेवार पत्रकारिताका माध्यमबाट नागरिकको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई व्यवहारिकरूपमा साकार तुल्याउने काममा थप उत्साह प्राप्त हुने विश्वाससमेत व्यक्त गर्नुभयो।

## गठबन्धन राष्ट्रिय आवश्यकता : प्रधानमन्त्री देउवा

**पोखरापत्र संवाददाता**

**तनहुँ, २४ बैशाख**

प्रधानमन्त्री शेरबहादुर देउवाले गठबन्धन राष्ट्रिय आवश्यकता भएकाले यसलाई सफल बनाउन सबै दल प्रतिबद्ध रहेको बताउनुभएको छ।

नेपाली कांग्रेस तनहुँले शनिबार दमौलीमा आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले गठबन्धनलाई सफल बनाइने बताउनुभयो । कांग्रेसको नेतृत्वमा रहेको गठबन्धन स्थानीय तह निर्वाचनका लागि मात्रै नभई प्रदेश र प्रतिनिधिसभा निर्वाचनसम्म कायम रहने प्रधानमन्त्री देउवाले दाबी गर्नुभयो।

गठबन्धनलाई असफल बनाउने षड्यन्त्र भइरहेको भन्दै प्रधानमन्त्री देउवाले त्यस्ता तत्वलाई चुनावको मैदानबाट परास्त गर्ने जिकिर गर्नुभयो। गठबन्धन सफल बनाउने कांग्रेसको एउटै मात्र लक्ष्य भएको देउवाको भनाइ थियो।

प्रधानमन्त्री देउवाले स्थानीय तहको चुनाव हुन्छ भन्ने कुरा कमैले पत्याएको भन्दै देश चुनावमा होमिएको बताउनुभयो । "धेरैलाई चुनाव हुन्छ र भन्ने भ्रम थियो, तर देशमा चुनावको माहोल छ", देउवाले भन्नुभयो।

प्रधानमन्त्री देउवाले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको सरकारबाट जनताले मुक्ति पाएको भन्दै केपी ओलीको नेतृत्वमा संसद् अवरुद्ध गरी सरकारलाई काम गर्न नदिइएको बताउनुभयो । नेपाली कांग्रेका वरिष्ठ नेता रामचन्द्र पौडेलले नेपालको वर्तमान संविधान जोगाउन र नेपालको विकास गर्नका लागि गठबन्धन आवश्यक रहेको बताउनुभएको छ । चुनावी सभालाई सम्बोधन गर्दै वरिष्ठ नेता पौडेलले सो धारणा राख्नुभएको हो । नेता पौडेलले नेपाली कांग्रेसका नेता तथा पूर्वप्रधानमन्त्री स्व गिरिजाप्रसाद कोइरालाले शान्ति सम्झौतामा हस्ताक्षर गर्दा नै आफूले अलोकतान्त्रिकलाई लोकतान्त्रिक बनाएर शान्तिको बाटोमा ल्याएको भन्नुभएको स्मरण गर्दै त्यतिबेलादेखि नै कांग्रेसको माओवादीसँग गठबन्धन सुरु भएको बताउनुभयो।

समाजसेवी र जनताको घरघरमा पुग्ने व्यक्तिले चुनाव जित्ने गरी वातारवण सिर्जना गरेर राष्ट्र बचाउनुपर्ने आजको मुख्य मुद्दा बनेको उहाँले बताउनुभयो। उहाँले गठबन्धनका उम्मेदवारलाई मत दिएर लोकतन्त्रको रक्षा गर्न पनि मतदातालाई आग्रह गर्नुभयो।

## स्थानीय तह निर्वाचन : मधेसमा सबैभन्दा बढी उम्मेदवारी

**रासस**

**काठमाडौं, २४ बैशाख**

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा सबैभन्दा बढी सङ्ख्यामा मधेस प्रदेशमा उम्मेदवारी परेको छ । निर्वाचन आयोगका अनुसार मधेस प्रदेशमा सबैभन्दा बढी ४० हजार ९२४ उम्मेदवारी परेको जनाएको छ।

अन्य प्रदेशमाभन्दा मधेस प्रदेशमा झण्डै दोब्बर उम्मेदवारी परेको हो। मधेस प्रदेशमा नगरपालिकाको प्रमुखमा एक हजार ४२० जनाको उम्मेदवारी, उपप्रमुख ६३८, गाउँपालिकाका अध्यक्ष ८९३, उपाध्यक्ष ४७९ उम्मेदवारी परेको छ। मधेसमा एक महानगर, तीन उपमहानगर, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी कूल १३६ स्थानीय तह छन् । सबैभन्दा कम गण्डकी प्रदेशमा उम्मेदवारी परेको छ । गण्डकी प्रदेशमा १२ हजार नौ जनाको उम्मेदवार परेको हो । गण्डकी प्रदेशमा एक महानगर, २६ नगर र ५८ गाउँपालिका गरी कूल ८५ स्थानीय तह छन् । मधेस प्रदेशपछि बागमती प्रदेश २२ हजार ६६५ जनाको उम्मेदवारी परेको छ। तीमध्ये प्रमुखमा ५१८, उपप्रमुख २९९, गाउँपालिकाका अध्यक्ष ५१९, उपाध्यक्ष ३२३ को उम्मेदवार परेको हो। लुम्बिनी प्रदेशमा २२ हजार ४२६, प्रदेश नं. १ को २१ हजार ५२२, सुदूरपश्चिम प्रदेशमा १२ हजार ८६८, कर्णाली १२ हजार ५९६, नगरप्रमुखमा पुरुष तीन हजार नौ जना र महिला २२९, गाउँपालिका अध्यक्षमा पुरुष दुई हजार ९३७ र महिला ११५, नगरको उपप्रमुखमा पुरुष ५३० र महिला एक हजार ४३४ तथा गाउँपालिका उपाध्यक्षमा पुरुष ५२० र महिला एक हजार ६४३ को उम्मेदवारी परेको आयोगले जनाएको छ । कूल ३५ हजार २२१ हजार पदमा एक लाख ४५ हजार एक जनाको उम्मेदवारले प्रतिस्पर्धा गर्नेछन् । निर्वाचनका लागि आयोगले मतपत्र सबै मतदान केन्द्रमा पठाइसकको जनाएको छ । आगामी शुक्रबार देशभर ७५३ स्थानीय तहमा एकै पटक निर्वाचन हुँदैछ। १० हजार ७५६ मतदानस्थल र २१ हजार ९५५ मतदान केन्द्र रहेका छन् । निर्वाचनमा एक करोड ७७ लाख ३३ हजार ७२३ जना मतदानमा सहभागी हुनेछन्।

## गण्डकी प्रदेशका मुख्यमन्त्रीलाई स्पष्टीकरण

**रासस**

**काठमाडौं, २४ बैशाख**

निर्वाचन आयोगले गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई निर्वाचन आचारसंहिता उल्लङ्घनका विषयमा तीन दिनभित्र स्पष्टीकरण पेश गर्न भनेको छ।

आयोगले 'सरकारी गाडी चढेर कांग्रेसको कार्यक्रममा गण्डकीका मुख्यमन्त्री र मन्त्री' भन्ने समाचारप्रति ध्यानाकर्षण भएको जनाउँदै निर्वाचन आचारसंहिता, २०७८ को दफा ५ को खण्ड (क) अनुसार प्रदेश सरकारका मुख्यमन्त्री वा मन्त्रीले आफैँ उम्मेदवार भएको अवस्थामा बाहेक कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने स्मरण गराएको छ । "तपाईँले प्रदेश सरकारको मुख्यमन्त्रीले सरकारी स्रोतको प्रयोग गरी गठबन्धनको चुनावी सभामा सहभागी हुनु निर्वाचन आचारसंहिताविपरीत हो, होइन ?", आयोगको स्पष्टीकरणपत्रमा भनिएको छ, "यदी तपाईँ गठबन्धनको चुनावीसभामा सहभागी हुनुभएको हो भने तपाईँलाई निर्वाचन आचारसंहिताको उल्लङ्घनमा किन कारबाही हुनु नपर्ने हो ? तीन दिनभित्र आयोगमा प्राप्त हुने गरी जवाफ पेश गर्नुहुन अनुरोध छ।"

## शिक्षाप्रेमी बराल मत माग्दै घर-घरमा

**पोखरापत्र संवाददाता**

**पोखरा, २४ बैशाख**

धर्तीमा जन्मेपछि हरेक व्यक्ति आफ्नो परिवार र समाजमा असल बन्दै वडा, जिल्ला, प्रदेश र राष्ट्र बनाउनको लागि सवै भन्दा पहिला शिक्षा आबश्यक पर्दछ।

शिक्षाको महत्व बुझे मात्र त्यसको आबश्यक महशुस हुदैछ । कुनै समाजमा सम्मानित व्यक्ति भएर जिउनको लागि शिक्षाले सवै भन्दा ठूलो भुमिका खेलको हुन्छ। हरेक टोल टोलमा जाँदा तपाईंलाइ सम्मानको गुच्छाले स्वागत हुन्छ जसको पछाडि तपाईंको शिक्षा हो । हरेकलाइ आफ्नो जीवनको जति महत्व छ त्यतिनै शिक्षाको पनि महत्व छ । आँफुसँग शिक्षा भएमात्र अरुलाइ शिक्षा दिन सकिन्छ। त्यही शिक्षाले तपाईंको भविष्य कोर्दछ । कुनै पनि शैक्षिक क्षेत्र, सामाजिका क्षेत्र साथमा राजनैतिक क्षेत्रमा समेत तपाईंको शिक्षाले ठुलो भुमिका खेल्दछ । भुमिका मात्र नभै तपाईंलाइ हरेका क्रियाकलापमा शिक्षालो प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा जीवन्त सहयोग गर्दछ।



विस. २०३९ मा उत्कृष्ट अंक ल्याएर फलामे ढोका पार गरेका बसन्त वराल(राजु)। ४० सालमा यस क्षेत्रकै सवै भन्दा ठूलो क्याम्पस पृथ्वीनारायण क्याम्पसमा व्यवस्थापन भर्ना भए वराल । सोही सालमा युथ लिग संगठितमा आवद्ध भइ अगाडि बढेका वराल २०४५ सालमा आर्वा गाउँ पर्टी सक्रिय दलको सचिव बनी गहन भुमिका निर्भाह गरे । उनै वराल २०४७ सलामा तत्कालीन नेकपा माले गाउँ कमिटीको संस्थापक सचिव भनेर आफनो ज्ञानमा डुवेर उदाहरणीय कार्य गर्न सफल भए । कतै इन्चार्ज कतै सदस्य बन्दै २०६४ सालमा निर्वाचन क्षेत्रीय कमिटीको क्षेत्र नं २ को अध्यक्ष पदमा बसी पार्टीलाई दिन रात कसरी राम्रो बनाउने हुटहुटीमा बगे । उनै वराल हालसालै गण्डकी प्रदेश कमिटीको सदस्य भइ नेकपा एमाले पार्टीले दिएका जिम्मालाई पुरा गर्न वडा न १३ को घरदैलोमा आफ्नो अध्यक्ष पद सँगै चार सदस्यहरुलाई घर घरमा पुगी मत माग्दै हिंडेका छन् ।वडा १३ लाई महानगरपालिकाको अवधारणा अनुसार व्यवस्थित शहर र सुविधा सम्पन्न बनाउने योजनमा रहेको वरालले भने । यहाँ रहेका सरकारी विद्यालयलाई संख्यात्मक नभै गुणात्मक बनाइ हरेक विद्यार्थीलाइ स्वदेशमा रहने वातवरण सिर्जन गर्नेमा विशेष कार्यक्रम ल्याउने अध्यक्ष वरालले जानकारी गराए।

रतन पाण्डे मावि व्यवस्थापन समितिको अध्यक्षमा दुई वर्ष कार्यकाल गरेका वराल दुई विषयमा स्नातकोत्तर गरेका छन्। उनै वरालले शिक्षा नै सवै भन्दा ठूलो धन भएकोले आज सम्म आर्जन गरेको शिक्षालाइ पस्कदै नयाँ पुस्तालाई प्रविधि र व्यवहार मुखी बनाउन विशेष कार्यक्रम ल्याउने भने । वडालाइ अझै व्यवस्थित रुपमा विकास गर्नका लागि आर्वामा रहेको माहा प्रभु धामलाई पर्यटन क्षेत्रमा विकास गर्नको लागि व्यवस्थित पार्क बनाउने बसन्तले जनकारी दिए।

वर्षा याममा ठूलो समस्या परेको १३ वासीको चिन्ताको समाधानको लागि काहुँखोला संरक्षणको लागि डिपीआरलाई अगाडि बढाइ बाँकी कार्यलाइ अझै राम्रो बनाउने वरालले भने। वडामा फरक क्षमता भएकालाई संरक्षण गर्ने र बृद्धाहरुलाइ दिवा सेवा संचालन गरी वैज्ञानीक ढंङ्गले कार्यक्रम व्यवस्थापन गरिने प्रतिवद्धता वरालको छ । उनै शैक्षीक क्षेत्रमा अब्बल पोखरा महानगरपालिका वडा नं १३ मा एमालेवाट वडा अध्यक्षको उम्मेदवार बसन्त वरालले आफ्ना चार सदस्य लिएर शनिवार पनि घरदैलो कार्यक्रमलाइ जारी राखेका छन् । बरालको साथमा महिला सदस्यमा कृष्णकुमारी गुरुङ, दलित महिला सदस्य कमला विक, खुल्ला सदस्य निलकण्ठ सिग्देल, र अमजत अलिमियाँ पनि दिनदिनै घरदैलोमा व्यस्त छन्।





**पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।**

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पूर्व पश्चिम जहाँ भए पनि मादीको विकासमा मद्दत गर्छु : देव गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २४ बैशाख

नेकपा माओवादी केन्द्रका नेता तथा देव गुरुङले जुन ठाउँमा भए पनि मादीको विकासका लागि सक्दो सहयोग गर्ने बताएका छन् । शनिबार मादी १० भाचोकमा आयोजित गठबन्धनको चुनावी आमसभालाई सम्बोधन गर्दै गुरुङले यस्तो बताएका हुन् ।

गुरुङ ०६४ सालमा कास्की एकबाट प्रतिनिधि सभा निर्वाचित भएँको थिए । 'पार्टीको निर्णयको कारण निर्वाचन क्षेत्र यो हुन सकेन । पार्टीको कार्यकर्ता भएको हुनाले भुमिका निर्वाह गर्न लागि रहने छु,' उनले भने, 'मादीको विकास निर्माण र रक्षाको लागि पूर्व पश्चिम जहाँ पुगे पनि होस्टेमा हैसे गर्न लागि रहने छु ।'

मादी गाउँपालिकामा गठबन्धनका उम्मेद्वारलाई जिताउन अनुरोध गर्दै उनले तलदेखि माथिसम्म गठबन्धन सरकार बने विकासको ढोका खोल्ने बताएक छन् । विकासको लागि गठबन्धनलाई जिताउनुको विकल्प नरहेको उनको दाबी छ ।

गुरुङले संविधानको रक्षाका लागि गठबन्धन गरिएको जिकिर गर्दै, गठबन्धनकै कारण संविधान रक्षा भएको दाबी गरे । 'ओलीले जंगेले बोलेपछि बाल्यो बोल्यो भने जस्तो गर्नु भयो । हामीले विरोध गऱ्यौ तर उहाँले दुई दुई पटक संसद विघटन गर्नु भयो । ओलीको सरकार



रहँदा सबै सम्पत्ति सक्न लाग्नु भयो । ओलीको विकल्प नखोजे डोमोक्रेसी सकिने खतरा बढ्यो,' उनले भने, 'राष्ट्रियता खतरामा परेपछि अन्तत ओली प्रवृति अन्त गर्न गठबन्धन गरेका हौं । गठबन्धन सरकारले गर्दा संविधान बचेको छ । चुनाव गर्न पाएका छौं ।'ओलीको प्रतिगमनकारी सोच हाबी हुँदै आएको उनको आरोप छ । त्यसलार्य पुर्नविचार गर्न तयार नभई प्रतिनिधि सभाको दुई दुई पटकसम्म प्रतिनिधि सभा विघटन गरेको उनले बताए । 'अहंकार राख्नु भयो । पुर्नविचार गरेर सुधार्न धेरै दलले कोसीस गरे । तर, उहाँले मान्नु भएन,' उनले भने । अहिले स्थानीय तह निर्वाचनको चुनाव हेर्दा सामान्य देखिए पनि दुई विचारबिचको लडाई हुने उनले बताए । सभालाई सम्बोधन गर्दै नेपाली कांग्रेसका पूर्व सभापति एवं नेपाली कांग्रेसका नेता कृष्ण केसीले विचारले फरक भए पनि मादीको विकास पूर्वाधार निर्माणमा देव गुरुङ र कांग्रेसको पालमा धेरै काम भएको दाबी गरे । मादी नदी तर्ने पुल निर्माणमा पहल गरेर देव गुरुङले मादीलाई पोखरासँग जोड्ने काम गरेको उनले बताए । 'राजनीतिक रुपमा बिमति भए पनि विकासका पूर्वाधार बनेका छन् । यसको रक्षा गर्नका लागि पनि गठबन्धनको जरुरी छ,' उनले भने, 'कसैले नठान्नुस् लालबहादुर गुरुङ माओवादीका हुन् । देवी जंग गुरुङ कांग्रेसका । उहाँहरु गठबन्धनको नेता हो ।

यो ठाउँको अभिभावक ठान्नुस् । विकासले गति लिने छ ।' भाई, छोरा उठेको छ भन्दैमा गलत निर्णय नलिन पनि उनले सजग गराएका छन् । २००७ सालयता राजनैतिक घटनाक्रम धेरै भए पनि विकास निर्माणको काम नभएको बताउँदै अब विकास निर्माणमा केन्द्रित हुनुपर्ने उनले बताए । 'मैले यही राजनीतिमा लाग्दा ६० वर्ष भए । अब विकास निर्माणका लागि लाग्नुपर्छ । राजनीतिका लागि लड्दा लड्दा हाम्रो भविष्य त गयो गयो,' उनले भने, 'अब पनि गल्ति गरे हाम्रो छोरा नातिको भविष्य पनि जान्छ । सबैलाई अनुरोध छ । यो वा त्यो कारण मेरो गाउँले हो मेरो डोलो हो डोल्स्यो हो भनेर भोट हाल्ने होइन । राम्रो काम गर्नेलाई भोट हाल्नुहोस् ।'

सोही कार्यक्रममा एमाले परित्याग गरेर ११ जना कांग्रेस प्रवेश गरेका थिए अमृत भुजेल, चेत बहादुर नेपाली, टेक बहादुर गुरुङ, मिन बहादुर नेपाली, सोम बहादुर गुरुङ, आशा नेपाली, बखत बहादुर गुरुङ, पर्दामान गुरुङ, लिल बहादुर क्षेत्री, लहुकुम सिंह बिकलाई कांग्रेस नेता कृष्ण केसीले पार्टी प्रवेश गराएका थिए । कार्यक्रम अध्यक्षता मादी १० सभापति लोक प्रसाद गुरुङले गरेका थिए । प्रमुख अतिथि नेकपा माओवादी केन्द्र नेता पूर्व मन्त्री देव गुरुङ, विशेष अतिथि नेपाली कांग्रेस कास्की पूर्व सभापति कृष्ण बहादुर केसी, संविधान सभा सदस्यद्वय यसोधा गुरुङ, तेज कुमारी पौडेल, नेकपा माओवादी केन्द्रिय सदस्य सोमती गुरुङ, प्रदेश सांसद गायत्री गुरुङ, गठबन्धनका साझा उमेदवार अध्यक्ष पदका नेपाली कांग्रेसका देवीजंग गुरुङ, उपप्रमुख नेकपा माओवादीका लालबहादुर गुरुङ, नेपाली कांग्रेस कास्की १ सचिब सरोज केसी, ओम प्रकाश गुरुङ, डम्बरजंग गुरुङ, क्षितिज सापकोटा, आसपुर गुरुङ, कृष्ण बहादुर गुरुङ लगायतको उपस्थिति रहेको थियो ।

# बुद्ध जयन्तीको अवसरमा युवा बौद्ध संघको स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, २४ बैशाख

युवा बौद्ध संघ नदीपुरले २५६६ औं बुद्ध जयन्तीको अवसरमा आजदेखि सप्ताहव्यापी कार्यक्रमको आयोजना थालेको छ ।

आगामी जेठ २ गते सम्म सञ्चालन हुने उक्त कार्यक्रमको पहिलो दिन शनिबार निशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको हो । उक्त स्वास्थ्य शिविरमा करिब ३ सय बढिले सेवा लिएको कार्यक्रम संयोजक डा. भाइरत्न शाक्यले जानकारी दिए । उनका अनुसार शिविरमा हाडजोर्नी, दन्तरोग, नाक, कान, घाँटीलगायतका परीक्षण गरिनुका साथै औषधिसमेत उपलब्ध



गराइएको थियो । संघका अध्यक्ष सुदीप प्रधानाङ्गले आगामी आइतबार रक्तदानको आयोजना गरिएको बताउँदै वडाबासी एवं सम्पूर्ण पोखरेलीलाई सहभागितको लागि अनुरोध गरे । त्यस्तै, सोमबार साइकल र्‍यालीको समेत आयोजना गरिने उनले बताए । पोखरा साइकल सिटीको सहयोगमा आयोजना हुने उक्त र्‍याली घेछेलिङ गुम्बा दीपहुँदै, सुखवति गुम्बादेखि अनदुँस्थित शान्ति स्तुपासम्म हुने र्‍याली संयोजक रवि उदासले बताए । बुद्ध जयन्तीको अवसरमा वृहत कार्यक्रम आगामी जेठ २ गते आयोजना गरिने आयोजकले जनाएको छ ।

# पहिला जनतामुखि सेवा त्यसपछि विकास पोखरा २२ का उमेदवार बराल

पोखरापत्र संवाददाता
पोखरा, २४ बैशाख

पोखरा २२ का साझा उमेदवार वडा अध्यक्षका प्रत्यासी हिमलाल बरालले पहिला जनता मुखि सेवा शुभारम्भ गरे पछि मात्र विकास योजनाका कामलाई प्रथामिकता दिने बताउनु भएको छ ।

स्वतन्त्र उमेदवार अध्यक्षका प्रत्यासी बराल नेतृत्वको टोली शनिबार घर दैलो कार्यक्रममा सहभागि हुँदा स्थानिय समक्ष अध्यक्षका प्रत्यासी बरालले उक्त कुरा बताउनु भएको हो ।

स्थानियले जनताका साना भन्दा साना काममा झन्झटीलो व्यहोर्दै आउनु परेको टोली समक्ष गुनासो व्यक्त गरेसंगै अध्यक्षका प्रत्यासी बरालले पहिलो काम जनगुनासो नआउने गरी चुस्त दुरुष्त तथा छिटो छरीतो ढंगबाट काम गरेर मात्र विकास निर्माणमा जोड दिने बताउनु भएको हो ।

शनिबार उपल्लो खाल्से, बगुवा, ठुलास्वाँरा, सिरवानी, खर्साङ, सिमलेगौरी, पोखरा भ्यू प्वाइन्ट लगायतको क्षेत्रमा चुनावी प्रचार अभियान घर दौलो कार्यक्रम गरिएको माओबादी केन्द्रका नेता नवराज बरालले बताउनु भयो । अध्यक्षका प्रत्यासी स्वतन्त्र उमेदवार बरालको चुनाव चिन्हः भने भुईकटहर रहेको छ । पोखरा २२ को अन्य सदस्यका प्रत्यासीमा काग्रेंसकी लक्ष्मी बराल महिला सदस्य, माओबादी केन्द्रकी कल्पना रसाइली दलित महिला सदस्यमा, खुल्ला सदस्यमा चेतभक्त बराल र हुम बहादुर गुरुङ रहेका छन्। समाजवादीको चुनाव चिन्हः कलम, काग्रेंसको रुख, माओबादीको हसिया हतौडा रहेको छ । पोखराको आधार सबल अर्थतन्त्र र पुर्वाधार भन्ने नाराका साथ ५ दलीय गठबन्धनले पोखराको मेयरमा नेकपा एकिकृत समाजबादीका धनराज आचार्यलाई मेयरमा, काग्रेंकी नेतृ कोपिला रानाभाटलाई उपमेयरमा उमेदवारको रुपमा उठाएको छ । आचार्यको चुनाव चिन्हः कलम हो भने रानाभाटको चुनाव चिन्हः रुख हो ।

# राप्रपा नष्ट हुन्छ तर भ्रष्ट हुँदैन : राजेन्द्र लिङ्देन

पोखरापत्र संवाददाता
पोखरा, २४ बैशाख

राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनले आफूले पार्टीलाई 'नष्ट हुन दिने तर भ्रष्ट हुन चाहीँ नदिने' बताएका छन् । अहिलेसम्म ठुला भनिएका एमाले र काँग्रेसका जनप्रतिनीधिहरुले कर बढाउने र भ्रष्टाचार गर्ने बाहेक केही काम गर्न नसकेको आरोप लगाए ।

शनिबार पोखरा राष्ट्रिय प्रजातन्त्र पार्टी, कास्कीले आयोजना गरेको विशेष चुनावी आमसभालाई सम्बोधन गर्दै लिङ्देनले जनतालाई भ्रष्ट व्यक्तिहरुलाई चुनावमा हराउन आह्वान गरे । 'पोखरामा अहिलेसम्म राप्रपाले राम्रो मत ल्याउन सकेको छैन । यो पटक राप्रपाका उम्मेदवारहरुलाई भोट हालेर जिताउनुहोस्, महानगर भ्रष्टाचारमुक्त हुने कुराको जिम्मा म लिन्छु ।' लिङ्देनले भने । लिङ्देनले हल्लाखल्ला



बिनै खुसुक्क राप्रपालाई मत दिन मतदाताहरुसमक्ष आग्रह गरे । 'मतदाताहरुले राप्रपाको चुनाव चिन्हमा छाप लगाएर एमाले र काँग्रेसलाई पत्तासाफ बनाउन म आग्रह गर्दछु । जम्मा एकचोटी राप्रपालाई जिताईदिनुहोस् ।' लिङ्देनले भने-'अर्कोपटकबाट हाम्रा उम्मेदवारहरु यसो गर्छु भन्दै तपाईकहाँ भोट माग्न आउनेछैनन् । बरु हाम्रा जनप्रतिनीधिले गरेका कामहरु देखेर जनताले स्वतस्फूर्त रुपमा हामीलाई नै निरन्तर भोट दिनेछन् ।' राप्रपा केन्द्रीय अध्यक्ष लिङ्देनले आफ्नो चुनावी क्षेत्रको उदाहरण दिँदै भने-'झापामा मेरो क्षेत्रका मतदाताहरुसँग मैले अब भिख मागेजसरी भोट मागिरहन जरुरी छैन । मेरो काम देखेरै त्यहाँका मतदाताहरुले स्वतस्फूर्त रुपमा भोट दिन लालायित छन् ।' लिङ्देनले भने-'त्यसैले त्यस क्षेत्रमा एमाले र काँग्रेस राप्रपासँग अहिले टक्कर लिनै सक्दैनन् ।' त्यस्तै अर्को सन्दर्भमा लिङ्देनले आफू बाँचुञ्जेल भ्रष्टाचारविहिन राजनीतिमा समर्पित हुने बताए । उनले आफू यो जुनीमा मात्रै नभएर अर्को जुनीमा पनि ईमानदारिताको राजनीति गर्ने बताए । 'मलाई कुनैबेला माओबादीले यो मऱ्यो भनेर मरनासन्न हुनेगरि कुटपिट गरेर बाटोमा फालेका थिए । तर भाग्यले मलाई बचायो । अहिले भर्खरैको कुरा गर्ने हो भने पनि म दोस्रो जीवन बाँचिरहेको छु ।' उनले भने-'मलाई मेरो यो दोस्रो जीवन त्यसै खेर फाल्नुछैन ।' लिङ्देनले पछिल्लो समय पार्टीप्रति जनताको आकर्षण बढेको बताउँदै केही समयमै पार्टीले देशकै सबैभन्दा ठुलो पार्टीको आकार लिने दाबी समेत गरे । 'यो मैले त्यसै भनेको छैन । दिनप्रतिदिन पार्टीप्रति युवापुस्ता र जनताको आकर्षण बढेको तथ्याङ्कले नै यो कुराको पुष्टी गर्छ ।' उनले भने । यो पटक राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट पोखराको मेयरमा शंकर खराल र उपमेयरमा रञ्जना सेन पौडेल प्रत्यासी छन् ।

# गठबन्धनले अमरसिंहचौरमा गर्ने आमसभाको तयारी पुरा

पोखरापत्र संवाददाता
पोखरा, २४ बैशाख

पाँच दलिय गठबन्धनले आईतबार पोखराको अमरसिंहचौरमा गर्ने बिशाल आमसभाको तयारी पुरा भएको छ । गठबन्धन प्रचारप्रसार समितिले शनिबार पोखरामा पत्रकार सम्मेलन गरि आमसभाको तयारी पुरा भएको जानकारी दिएको हो ।

कार्यक्रममा बोल्दै प्रचारप्रसार समितिका संयोजक नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालले आमसभाका लागि पोखरा महानगरपालिकासँगै चारवटै गाँउपालिकाहरुमा पाचै दलका मतदाताहरु सहभागी गराउने गरि आह्वान गरिएको बताए । बरालले यस आमसभालाई व्यवस्थित, मर्यादित र ऐतिहासिक बनाउने तयारी भएको पनि बताए । आमसभालाई नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेर बहादुर देउवा, पूर्व प्रधानमन्त्री एवं नेकपा एसका अध्यक्ष माधव कुमार नेपाल, नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, नेकपा माओबादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङ समेतका नेतासंगै पोखरा महानगरका मेयरका उमेदवार धनराज आचार्य र उपमेयरका उमेदवार कोपिला रानाभाट लगायतले सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

पाँच दलिय गठबन्धनका नेताहरुले पोखरा महानगरपालिका सहित कास्कीका बहुस्थानमा गठबन्धनका उमेद्वारहरुले विजय हासिल गर्ने दावी गरेका छन् । कास्कीमा पोखरा महानगरपालिकासँगै पाँचवटै स्थानिय तहका अधिकांस स्थानमा गठबन्धनका साझा उमेदवार रहेकाले पनि बहुमत स्थानमा आफुहरुको जित सुनिश्चित रहेको नेताहरुको दावी गरेका हुन् । केन्द्रकै परिपत्र अनुसार कास्कीमा गठबन्धन भित्रका दलहरु बिचमा साझेदारी गरिएको र केही स्थानमा मित्रवत प्रतिष्पर्धा गर्ने सहमति भएको समेत नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले जानकारी दिए । बरालका अनुसार पोखरा महानगरपालिकाका १६ वटा वडामा गठबन्धन गरिएको छ भने, बाँकी वडामा मित्रवत प्रतिष्पर्धा गर्ने सहमति भएको छ । गठबन्धनमा नेपाली कांग्रेस, नेकपा (एकिकृत समाजवादी), नेकपा माओवादी केन्द्र, जनता समाजवादी र राष्ट्रिय जनमोर्चा सामेल छन् ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# सहकारीको संयुक्त रक्तदान कार्यक्रममा ६२ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ बैशाख**

पोखरा ३३ कालिकास्थानमा अवस्थित सुरक्षापालुवा बचत तथा ऋण सहकारी संस्था लि.को सोह्रौं स्थापना दिवस र बाघमारा बहुउद्देश्यीय(साकोस) सहकारी लि.को दशौं स्थापना दिवसको अवसर पारेर आयोजना गरिएको संयुक्त रक्तदान कार्यक्रममा ६२ युनिट रगत संकलन भएको छ।




जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष सावित्रा कोइरालाले कार्यक्रमको अध्यक्षता गरेका सुरक्षापालुवा सहकारीका अध्यक्ष टुल्कनाथ आचार्यलाई ब्लड ब्याग प्रदान गरेर कार्यक्रमको उद्घाटन गरेकीहुन् । जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष सावित्रा कोइरालाले सामाजिक क्षेत्रमा सुरक्षापालुवा र बाघमारा सहकारीले अग्रणी भुमिका निर्वाह गर्दै आइरहेको र आगामी दिनमा यस्ता सामाजिक कार्यलाई निरन्तरता दिने बताइन।यो कार्यले सहकारीकोबीचको पारस्परिक सहयोग सँगै दुई सहकारी वीच कार्यगत एकता गर्न सकिन्छ भन्ने सकिन्छ भन्ने सन्देश दिएको कोइरालाले बताइन् । कार्यक्रममा रक्तदानको महत्व प्रकाश पार्दै बाघमारा सहकारीका संस्थापक अध्यक्ष डिल्लीराम बरालले स्वागत मन्तब्य प्रस्तुत गरे भने सहकारी संस्थालाई यहाँसम्म ल्याईपुऱ्याउन सहयोग पुऱ्याउनुहुने सम्पुर्ण सेयर सदस्य, संचालक तथा पूर्व संचालक, सल्लाहकार, कर्मचारी, सहकारी अभियान्ता तथा शुभचिन्तकहरुलाई आभार तथा कृतज्ञता प्रकट गर्दै आगामी दिनमा समेत यहिमा या तथा सद् भाव प्राप्तहुने बिश्वास राखे ।

नेपाल रेडक्रस सोसाइटीको क्षेत्रिय रक्तसंचार केन्द्रको प्राविधिक सहयोगमा गरिएको कार्यक्रमको संचालन सुरक्षा पालुवा सहकारीका संचालक निर्मल आचार्यले गरेका थिएभने कार्यक्रमलाई सफल बनाउन सहयोग पुऱ्याउने रक्तदाता, प्राविधिक तथा उपस्थित सम्पुर्ण लाई धन्यवाद ज्ञापन गर्दै बाघमारा सहकारीका अध्यक्ष तुलसीमणी अधिकारीले समापन गरे ।

# मतदान केन्द्रतर्फ जाँदै मतदान अधिकृत

**–नविन लामिछाने**
**मनाङ, २४ बैशाख (रासस)**

मनाङमा आसन्न स्थानीय तहको निर्वाचनका लागि मतदान अधिकृत र सहायक मतदान अधिकृत मतदान केन्द्रमा खटिन थालेका छन्।

मतपेटिका, मतपत्र, नङमा लगाउने मसी, स्ट्याम्प प्याडलगायतका निर्वाचन सामग्री सहित मतदान अधिकृत र सहायक मतदान अधिकृत लगायतका कर्मचारीको समूह मतदान केन्द्रतर्फ खटिन थालेका हुन् । यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई सफल बनाउनका लागि निर्वाचन सामग्री सहितका कर्मचारी मतदान केन्द्रतर्फ पठाउन थालिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय मनाङले जनाएको छ । जिल्लाको चारवटै पालिकामा निर्वाचनका लागि खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम प्रदान गरी मतदान केन्द्रमा पठाउन थालिएको जिल्ला निर्वाचन अधिकारी पुष्पराज शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लाका २८ मतदानस्थलका २८ मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम प्रदान गरी टाढा रहेका मतदान केन्द्रतर्फ उनीहरुलाई पठाउन थालिएको छ।

"टाढा मतदानस्थल रहेका मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई आजै पठाउने तयारी गरेका छौँ, उहाँहरुलाई सामग्रीसहित पठाउने तयारी भइरहेको छ", उहाँले भन्नुभयो, "नार्पाभूमि क्षेत्रमा आजै पठाउने तयारी गरिएको छ । अन्यत्र भने भोलि र पर्सीभित्र मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई पठाउने छौँ । मतदान केन्द्रका लागि सामग्री पनि तयारी अवस्थामा राखेका छौँ ।" मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश पुनाराम खनालले निर्वाचनमा खटिने कर्मचारीले निष्पक्ष भएर जिम्मेवारी पूरा गर्नुपर्ने बताउनुभयो। आचारसंहितामाबाँधिएरनिर्वाचनलाई सम्पन्न गराउनेतर्फ ध्यान दिन आग्रह गर्दै उहाँले भन्नुभयो, "निर्वाचनमा खटिएपछि सबैले आफ्नो आस्थालाई बिर्सिनुपर्छ, सबैलाई समान नजरले हेरेर निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गराउनेतर्फ लाग्नुपर्छ ।" प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले निर्वाचनलाई भयरहित बनाउन सुरक्षा अवस्था मजबुद बनाइएको भन्दै ढुक्क भएर निर्वाचनमा सहभागी हुन आग्रह गर्नुभयो । "मतदान केन्द्रमा सुरक्षाको अवस्था मजबुद बनाइएको छ, सुरक्षामा कुनै कसुर बाँकी राखिदैन", उहाँले भन्नुभयो, "ढुक्क भएर निष्पक्ष रुपमा जिम्मेवारी वहन गर्नेतर्फ ध्यान दिन अनुरोध गर्दछु ।" मतदान केन्द्रलाई अति संवेदनशील, संवेदनशील र सामान्य रुपमा वर्गीकरण गरी सोही अनुसारको सुरक्षा प्रबन्ध मिलाइएको प्रजिअ आचार्यले बताउनुभयो।

प्रहरी नायब उपरीक्षक प्रेम सागर केसीले हरेक मतदान केन्द्रमा प्रहरी परिचालित हुने भएकाले ढुक्क हुन आग्रह गर्नुभयो । निर्वाचनमा कुनै शङ्कास्पद गतिविधि भएको पाइए तत्काले प्रहरीलाई खबर गर्न अनुरोध गर्नुभयो । "हरेक मतदान केन्द्रमा प्रहरी परिचालन गरिएको छ, सुरक्षा प्रबन्ध चुस्त बनाइएको छ", उहाँले भन्नुभयो । तालिममा कानुनी, व्यावहारिक र सैद्धान्तिक पक्षबारे जानकारी दिइएको छ।

मतदान अधिकृत र सहायक मतदान अधिकृतले गर्नुपर्ने काम, कर्तव्य, अधिकारको क्षेत्र तथा मतदान केन्द्र निर्माण गर्ने तरिकाको विषयमा तालिम दिइएको निर्वाचन कार्यालयका प्रमुख शर्माले बताउनुभयो । मतदान केन्द्रमा पुगुअघि र पुगेपछि गर्नुपर्ने काम, मतदातालाई भित्र भोट हाल्न कसरी पठाउने, भोट हालिसकेपछि सुरक्षित कसरी बाहिर ल्याउने, निर्वाचन सकिएपछि के के गर्नेलगायत विषयमा तालिममा जानकारी गराइएको थियो।

# संविधान बचाउन गठबन्धन : श्रममन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**दमौली, २४ बैशाख**

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले संविधान र लोकतन्त्र बचाउनका लागि गठबन्धन गरिएको बताउनुभएको छ।

तनहुँको भिमाद नगरपालिका-२ रघुमा सत्ता गठबन्धनले शुक्रबार राति आयोजना गरेको सभालाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले लोकतन्त्र र संविधान रक्षाका लागि सदैव लड्दै आएका दलहरु गठबन्धन गरेर चुनावमा गएकाले गठबन्धनप्रति प्रतिबद्ध रहन आग्रह गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का केन्द्रीय सदस्यसमेत रहनुभएका मन्त्री श्रेष्ठले आफूहरूलाई कमजोर नठान्न आग्रह गर्दै भन्नुभयो, "हामी गठबन्धनप्रति प्रतिबद्ध छौँ, तर हामीलाई कमजोर ठानिएको छ", मन्त्री श्रेष्ठले समृद्ध भिमाद नगरपालिका निर्माणका लागि गठबन्धनका उम्मेदवारहरूले जित्नुपर्ने धारणा राख्नुभयो । नेपाली काँग्रेसका जिल्ला सभापति जितप्रकाश आलेले गठबन्धनप्रति इमान्दार हुन आग्रह गर्नुभयो। कार्यक्रममा एकीकृत समाजवादीका अध्यक्ष शङ्करनारायण श्रेष्ठ, नेपाली कांग्रेसका उपसभापति देवकुमार श्रेष्ठलगायतले बोल्नुभएको थियो। कार्यक्रममा गठबन्धनका तर्फबाट भिमाद नगरपालिकाका काजीमान श्रेष्ठले जनताका हरेक समस्या समाधानका लागि पूर्ण ऊर्जाका साथ लागिपर्ने बताउनुभयो। प्रमुखमा निर्वाचित भएको खण्डमा सामाजिक विकास निर्माणको हकमा स्वास्थ्य, शिक्षा, खेलकुद, खानेपानी, मोटरमार्गलगायतका कार्यक्रमलाई विशेष प्राथमिकतामा राखेर कार्ययोजना बनाउने श्रेष्ठले बताउनुभयो।

उपप्रमुखका उम्मेदवार मिलन आलेले जनता कोष कार्यक्रमअन्तर्गत 'मेरो एक रुपैयाँ' कार्यक्रम सञ्चालन गरिने बताउनुभयो । यस कार्यक्रमका लागि नगरका सबै नागरिकले स्वेच्छाले दिनको एक रुपैयाँ' दान गर्न सक्ने बताउँदै आलेले उक्त रकम योगदान गर्ने नागरिककै शिक्षा र स्वास्थ्यमा लगानी गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । भिमाद नगरपालिकामा एकीकृत समाजवादीका तर्फबाट प्रमुख र नेपाली कांग्रेसका तर्फबाट उपप्रमुखको उम्मेदवार हुनुहुन्छ।

# १० का एमाले उमेदवारको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ बैशाख**

नेकपा एमाले पोखरा १० का उमेदवारहरुले पोखरा २० मा नेपाली कांग्रेसले जितेपनि महानगरको मेयर एमालेले जित्ने भएकाले आफ्ना मतदातालाई मत खेर नफाल्न आग्रह गरेका छन । स्थानिय तहको निर्वाचनका लागि नेकपा एमाले पोखरा १० बाट अध्यक्षका उमेदवार रहेकी पवित्रादेवी गुरुङको टीमले यो पटकको स्थानिय तहमा आफ्नो टीमलाई मत दिन आग्रह गरेका हुन ।

मतदाता संग मत माग्दै अध्यक्षका उमेदवार पवित्रादेवी गुरुङले पोखरा १० बाट जहिले पनि नेपाली कांग्रेसले जनप्रतिनिधी भएर वडामा प्रतिनिधित्व गरेतापनि पोखरा महानगरमा एमालेको नेतृत्व हुंदा वडामा बिकास छाउन नसकेको मतदाता समक्ष वताइन । वडाको बिकासका लागी जनताले मत दिएको भएतापनि त्यसको सदुपयोग हुन नसकेको वताउदै गुरुङले यो पटक एमालेका उमेदवारहरुलाई मत दिएर एक मतको सदुपयोग गर्दै यो पटक आफुहरुलाई मौका दिन समेत आग्रह गरिन । उनले थपिन "नेपाली कांग्रेसका कार्यकर्ताहरु यतिबेला चोक चोकमा टोल टोलमा सुनाउदै हिडेका छन रे हामीले जितेपनि महानगरमा एमालेको नेतृत्व रहेकाले बिकास गर्न सकिदैन भनेर " त्यो कुरा सही हो उनले भनिन "तर उनीहरुले यो पटक पोखराको मेयरमा गठबन्धनका उमेदवारलाइ मेयर बनाएर हिडेका छन उनीहरुको जित सहज छैन फेरिपनि एमालेलेनै महानगरको नेतृत्व गर्छ त्यसैले मत खेर नफालुस" ।मतदाताहरुले पनि आफुहरुको टोलमा रहेको समस्याहरु एमालेका उमेदवारहरुलाई वताएका छन।

# ५ बर्षे कार्ययोजना लिएर उम्मेदवार पौडेल घरदैलोमा

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २४ बैशाख**

जिल्लाका ११ स्थानीयतहका उम्मेदवारहरु जनताको घरदैलोमा मत माग्न व्यस्त छन् । ५ बर्षे रणनीतिक कार्ययोजना बनाएर उम्मेदवारहरु जनताको घरदैलोमा पुगेका हुन् ।



आँधीखोला गाँउपालिकामा नेपाली काँग्रेस सहित गठबन्धनका उम्मेदवारहरु जनताको मनजित्ने गरी अहिले घरदैलोमा पुगेको बताइएको छ । ५ दलीय गठबन्धनमा आँधीखोला गाँउपालिकामा अध्यक्ष नेपाली काँग्रेस र उपाध्यक्ष नेकपा समाजवादी (एस) र केही वडाहरुमा नेकपा माओवादी केन्द्रका उम्मेदवारहरु संयुक्त घरदैलो अभियानमा जुटेका छन्। २०७४ सालको निर्वाचनमा नेकपा एमालेले एकलौटी स्थानीयसरकारमा बिजयी हासिल गरेको थियो । एकलौटी स्थानीय सरकार हुँदा गाँउपालिकामा चरम भष्ट्चार भएको गठबन्धनका उम्मेदवारहरुले आरोप लगाउदै आएका छन् । ५ बर्ष सम्म गाँउपालिकामा भएका भष्ट्चार, अनियमितता, अपारदर्शीताको भण्डाफोर गर्न गठबन्धनका उम्मेदवारहरुलाई बिजयी गराउन जनतासगँ अपिल गरेका छन्।

नेपाली काँग्रेसले विद्यार्थीकाल देखि राजनीति शुरु गरेका कुशल संगठक, अनुभवी नेता प्रेमराज पौडेललाई अध्यक्षको उम्मेदवार बनाएको छ भने नेपाल कम्युनिष्ट पार्टी एकिकृत समाजवादीले उपाध्यक्षमा रामचन्द्र पौडेललाई उम्मेदवार बनाएको छ । दुबै उम्मेदवार गाँउपालिकावासीका प्रिय नेताका रुपमा चिनिन्छन्।

गाँउपालिकाको सुचाङ्कमा धेरै पछाडी पर्नु, शर्शत अनुदान बाहेक गौरवका आयोजनाको विकास नहुनुले गएको ५ बर्ष जनताले अपेक्षाकृत काम नभएको अध्यक्षका उम्मेदवार प्रेमराज पौडेलले बताए । ५ बर्ष हामीलाई गाँउपालिकाको जिम्मेवारी दिनुहोस अध्यक्षका उम्मेदवार पौडेलले भने,'समावेसी, सहभागीतामुलक विकासका योजना र उज्यालो गाँउपालिका बनाउछौं ।' पहुँचका आधारमा होइन, आवश्यकताका आधारमा गाँउपालिकाको विकासमा जोड दिन्छौ पौडेलले भने। गठबन्धनका उम्मेदवारहरुले ५ बर्षमा विभिन्न दातृनिकाय सगँ समन्वयगरी परियोना संचालन गर्ने, पालिकाले स्वँपुजी निर्माणगरी आम्दानी गर्ने, निशुल्क गुणस्तरीय प्राविधिक शिक्षा र सर्वसुलभ स्वास्थ्य उपचार, कृषिलाई आधुनिकीकरण गर्दै एग्रो टुरिजमको विकास गर्ने लगायतका रणनीतिक योजना अगाडी सारेर चुनावी मैदानमा उत्रेको छ।

# गठबन्धन सिस्टम जोगाउनका लागि हो : धनराज आचार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ बैशाख**

पोखरा महानगरपालिकाका मेयर पदका उम्मेदवार धनराज आचार्यले ५ दलीय गठबन्धन निर्वाचनका लागि मात्र नभई सिस्टम जोगाउनका लागि भएको बताएका छन् ।

गृह वडा पोखरा-३३ को घरदैलो कार्यक्रमलाई सम्बोधन गर्दै आचार्यले गणतन्त्र जोगाउनका लागि गठबन्धन आवश्यक परेको बताए । 'हामीले दुःख मेहनत गरेर ल्याएको गणतन्त्र नै धराप पार्नेगरी तत्कालीन प्रधानमन्त्रीले चालेको कदमको बिद्रोह गरेर ५ दलीय गठबन्धन बनेको हो,' उनले भने, 'वर्तमानको सरकार जोगाउनका लागि भएको गठबन्धन निर्वाचनका लागि होइन व्यवस्था जोगाउनका लागि भएको हो यसलाई तपाईहरुले बुझ्नुपर्ने हुन्छ ।' मेयरका उम्मेदवार आचार्यको आफ्नै वडा भएकाले पनि त्यहाँको समस्याका बारेमा आफू राम्रोसँग जानकार रहेको उनले बताए । आफ्नै वडा भएपनि आफ्नालाई काखा अरुलाई पाखाको भावना नराखी सवै ठाउँमा समान रुपमा काम गर्ने उनले प्रतिवद्धता जनाए। गठबन्धनलाई जिताएमा बीउ पुँजीका लागि १० लाखसम्म छुट्याउने योजना उनले सुनाए । 'भरतपोखरीको मौलिक समस्या छन् त्यसको समाधान गर्ने छौं, कास्कीका अधिकांश भेगमा पानीको अभाव छ,' उनले भने, 'विकास निर्माणका काममा सबैलाई साथमै हिडाउँने छु ।'

उपमेयरकी उम्मेदवार कोपिला रानाभाटले जेष्ठ नागरिकका लागि दीवा सेवा उपलब्ध गराउन भवन निर्माण योजना अघि बढाउने बताइन् । गठबन्धनले जितेमा महिला, बालबालिका, दलित, अपाङ्गसँगै जेष्ठ नागरिकको हितमा कार्यक्रम ल्याउने उनको भनाई थियो । गठबन्धनलाई भोट नहाल्नु भनेको एमालेलाई जिताउनु सरह भएकाले एक ढिक्का भएर गठबन्धनका उम्मेदवारको पक्षमा लाग्न उनले आग्रह गरिन् । 'टिम फुट्यो भने गाह्रो हुन्छ, गठबन्धनका दलहरु मध्ये एउटाको चुनाव चिह्नमा भोट हाल्ने अनि अर्कोमा नहाल्ने गर्नु भनेको एमालेलाई जिताउनु हो । त्यसमा हामी सजग हुनैपर्छ,' उनले भनिन् ।

# अन्नपूर्ण पदमार्गमा युरोपियन पर्यटक अधिक

**पोखरापत्र संवाददाता**
**मनाङ, २४ बैशाख**

दुई वर्षपछि मनाङमा पर्यटक बढ्दै गएका छन् । हिमाली जिल्ला मनाङमा गत वर्षको साउन महिनादेखि हालसम्म छ हजारभन्दा बढी युरोपियन पर्यटक भित्रिएको जनाइएको छ।

अन्नपूर्ण पदमार्गमा पदयात्राका लागि करिव दश महिनाको अवधिमा जिल्लामा छ हजार पाँच सय ८४ जना युरोपियन पर्यटक आएका हुन् । युरोपियन देशमध्ये पनि सबैभन्दा बढी फ्रान्सबाट ८०१ पर्यटक यहाँ आएका छन् भने जर्मनबाट ६९९, इजरायलका ५९८, बेलायतका ४४५ र भारतबाट ४२८ जना पर्यटक भित्रिएका छन् । अप्रिलमा मात्रै दुई हजार ३८२, मार्चमा एक हजार २३१ पर्यटक भित्रिएको अन्नपूर्ण संरक्षण क्षेत्र मनाङका प्रमुख लेखनाथ गौतमले जानकारी दिनुभयो।

थोराङ्ला हुँदै तिलिचो ताल पुगेर लार्के मार्ग कटाउँदै मुक्तिनाथ निस्किने हुँदा विदेशी पर्यटकका लागि अन्नपूर्ण पदमार्ग मुख्य गन्तव्यको स्थल बनेको छ । यहाँ हरेक दिन ७७ विदेशी पर्यटक अन्नपूर्ण पदयात्राका लागि आउने गरेको गौतमले बताउनुभयो। हाल दैनिकरुपमा ७७ को हाराहारीमा विदेशी पर्यटकले पदमार्गको यात्रा गर्ने गरेको अन्नपूर्ण संरक्षण क्षेत्र मनाङको तथ्याङ्कमा उल्लेख छ। नेपालमा पहिलो पटक आएको र हिमशृङ्खलाको अवलोकन गर्दै पदयात्रा गर्न पाउँदा आफूहरु निकै खुसी भएको पर्यटक बताउँछन् । अन्नपूर्ण पदमार्ग विश्वका १० उत्कृष्ट गन्तव्यमध्ये एक मानिन्छ । पछिल्लो समय विदेशी मात्र नभई आन्तरिक पर्यटक पनि मनाङ आउने गरेका छन् । विभिन्न क्लब तथा सङ्घसंस्थामा आबद्ध भएका बिदा मिलाएर भए पनि अन्नपूर्ण पदमार्गमा यात्रा गर्न आउने गरेको पाइएको छ।

# पोखरा-२१ का 'सूर्य ध्वजावाहक उमेद्वार' लाई मतदाताको सौहार्द स्वागत

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ बैशाख**

स्थानीय तह निर्वाचन मिति नजिकिएसँगै चुनावी गतिविधिले पनि तिव्रता पाएको छ। विभिन्न राजनीतिक दलहरु मतदाता भेटघाटमा व्यस्त छन्।

नेकपा एमालेका तर्फबाट पोखरा-२१ का उमेद्वार बिहीबार र शुक्रबार मतदाताको घरआँगन पुग्दा सौहार्द स्वागत पाए। रुद्राक्षको माला, अबिर र खादासहित उमेद्वारलाई स्वागत गरेका मतदाताले विजयको शुभकामना समेत दिए। बिहीबार पोखरा २१ स्थित चापाको चौर, मैदान, पुरानो साम्मी लगायतका क्षेत्रमा सूर्य ध्वजावाहक उमेद्वार पुगिरहँदा मतदाताको स्वागतले माहौललाई हौसायो।

चापाको चौरमा आयोजित सभामा बोल्दै नेकपा एमाले पोखरा २१ इन्चार्ज अर्जुन गिरीले विजय सुनिश्चित रहेको जनाउँदै अब मतान्तर बढाउने तर्फ ध्यान केन्द्रित रहेको बताए । उनले भने, 'पोखरा २१ एमालेको लालकिल्ला हो भने अभियान मार्ग लालकिल्लाको पनि लालकिल्ला हो । हामी जित्छौं, यस कुरामा कुनै द्धविधा छैन । कति मतान्तरले जित्छौं भन्ने मात्रै हो ।' नेकपा एमाले पोखरा २१ का अध्यक्ष राजेन्द्र थापाले वडाको विकासका कार्यमा एमाले नै अग्रणी भूमिकामा रहेको उल्लेख गर्दै बाँकी कार्य पुरा गर्ने अभिभारा पनि एमालेकै उमेद्वारले पुरा गर्ने बताए। यस्तै पार्टीका तर्फबाट पोखरा २१ का वडाध्यक्ष उमेद्वार दिपकप्रसाद पौडेलले वडाको थप समृद्धिका लागि एकमात्र विकल्प एमाले रहेको बताए । मतदातालाई होस्टेमा हैसेका लागि आग्रह गर्दै भने, 'तपाईहरुको सल्लाह अनुरुप नै हामी अघि बढ्ने हो । यहाँका समस्याबारे म जानकार छु । कतिपय काम भएका छन् । तर अफैपनि वडाको मुहार फेर्ने काम बाँकी छन्। त्यसका लागि हामी योजना सहित तयार छौं ।'

बिहीबार पोखरा ५ का वडाध्यक्ष एवं महानगरका प्रवक्ता धनबहादुर नेपालीले वडावासीलाई पार्टीको प्रतिबद्धताबारे जानकारी गराए । उमेद्वारबारे विभिन्न अफवाह फैलाइएकोबारे जानकारी गाराउँदै उनले त्यसको पछि नलाग्न आग्रह गरे। उनले महानगरका सबै सूर्य ध्वजावाहक उमेद्वारलाई विजयी गराउन आग्रह गरे।